# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

# साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम निर्देशिका, २०७१

(चौथो संशोधन, २०७७)

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, काठमाडौं ।

# विषय-सूची


पृष्ठभूमी १

१. नाम तथा प्रारम्भ १

२. परिभाषा १

३. कार्यक्रम सम्बन्धी जानकारी २

४. जनशक्ति सम्बन्धी व्यवस्था ३

५. तालिम केन्द्र र सम्झौता सम्बन्धी व्यवस्था ३

६. कार्यक्रम लागु हुने जिल्ला ४

७. प्रशिक्षार्थी सिफारिस गर्न संस्थाहरुको न्यूनतम योग्यता ४

८. प्रशिक्षार्थी आवेदकको न्यूनतम योग्यता ५

९. सम्बन्धित संस्थाको सञ्चालक समितिको जिम्मेवारी र ध्यान दिनु पर्ने कुराहरु तथा दण्ड सजाय, पुरस्कार र सहयोग ५

१०. प्रशिक्षार्थी छनौट प्रकृया ८

११. सूचना तथा सञ्चार माध्यम १०

१२. लागत तथा खर्च व्यवस्था १०

१३. कार्यविधि निर्धारण गर्न सक्ने ११

१४. व्याख्या गर्ने तथा बाधा अड्काउ फुकाउने अधिकार ११

१५. संसोधन खारेजी तथा बचाउ ११

अनुसूचीहरु १२ देखि

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**

# साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम निर्देशिका, २०७१

**(चौथो संशोधन, २०७७)**

**प्रस्तावना**

साना किसान परिवारका युवायुवतिलाई आधुनिक व्यावसायिक कृषि प्रणाली तर्फ आकर्षित एवं अभ्यस्त बनाई रोजगारीको अवसर सिर्जना गर्ने र आर्थिक तथा सामाजिक रुपान्तरण सम्भव तुल्याउने उद्देश्यले साना किसान विकास लघुवित्त वित्तीय संस्थाले विभिन्न सहयोगीहरुसँग सहकार्य गरी विपन्न तथा साना किसान तथा तिनीहरुका परिवारका सदस्यहरुलाई सीप तथा क्षमता विकासका तालिम सञ्चालन गर्दै आएको छ । यसै सन्दर्भमा इजरायली राजदुतावससँग सहकार्य गरी साना किसान परिवारका युवायुवतीहरुलाई इजरायलका विभिन्न कृषि तालिम केन्द्र/कलेजहरुमा कृषि तालिम/अभ्यासको अवसर प्रदान गर्न, सो कार्यक्रममा प्रशिक्षार्थी साना किसानहरुको छनौटगर्न, तालिम पश्चात प्रशिक्षार्थी स्वदेश फर्किने ग्यारेन्टी गर्न, स्वदेशमा फर्केपछि सीप प्रयोगको व्यवस्था गर्न, सरोकारवालाको जिम्मेवारी तथा भूमिका र कार्यक्रम सञ्चालन आदिलाई सुव्यवस्थित गर्न यो निर्देशिका तयार गरिएको हो ।

नेपाल सरकार अर्थमन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थपन तथा संस्थान समन्वय महाशाखाको मिति २०७६/०५/२३ प.सं. वि.क्षे.व्य. २०७६/७७ च.नं. ११७ को पत्रबाट यस कार्यक्रममा भागलिन इजरायल गएका प्रशिक्षार्थी ईजरायलमा नै "भागी सम्पर्कविहीन भएकोले यस्तो प्रवृत्तिले भविष्यमा नेपाल-ईजरायल सहयोग समेत प्रभावित हुन सक्ने हुँदा भविष्यमा यस प्रकारका घटना पुनरावृत्ति हुन नदिन उच्च सतर्कता उपनाउन" निर्देशन भई आएको छ । नेपाली साना किसानहरुको क्षमता अभिवृद्धि तथा कृषि क्षेत्रको व्यावसायीकरणका लागि सञ्चालित यस कार्यक्रमलाई नेपाल-इजरायल सहयोग प्रभावित नहुने गरी मर्यादित, व्यवस्थित एवम् दिगोरूपमा सञ्चालन तथा व्यवस्थापन गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २२ उपदफा (३) तथा साना किसान विकास लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम ३५ को उपनियम (९) मा भएको व्यवस्था बमोजिम सञ्चालक समितिबाट देहायको निर्देशिका बनाई लागु गरिएको छ ।

साथै, नेपाल सरकार अर्थमन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थपन तथा संस्थान समन्वय महाशाखामा मिति २०७६/०६/१ सम्पन्न बैठकले "तालिममा प्रशिक्षार्थी पठाउँदा समयमा नै अनिवार्यरूपमा नेपाल फर्काउने प्रबन्ध सहित साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम निर्देशिका परिमार्जन गर्ने" निर्णय गरेको हुँदा सोही अनुसार हुने गरी "साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम निर्देशिका, २०७१ को तेस्रो संशोधनमा समावेश गरिएको छ ।[१]

**१. नाम तथा प्रारम्भ**

(१) यस निर्देशिकाको नाम "साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम निर्देशिका, २०७१" हुनेछ ।

(२) यो निर्देशिका सञ्चालक समितिबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "वित्तीय संस्था" भन्नाले बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन अनुसार काम गर्ने गरी तत्कालिन कम्पनी कानून अन्तर्गत स्थापित साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. सम्झनु पर्छ ।

(ख) "सञ्चालक समिति" भन्नाले वित्तीय संस्थाको सञ्चालक समिति सम्झनु पर्छ ।

---

[१] तेस्रो संशोधन, २०७६

(ग) “कार्यकारी प्रमुख” भन्नाले वित्तीय संस्थाको कार्यकारी प्रमुख भई कार्य गर्न अधिकार प्राप्त व्यक्ति वा प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ङ) “निर्देशिका” भन्नाले “साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम निर्देशिका, २०७१” सम्झनु पर्छ ।

(च) “अनुसूची” भन्नाले यस निर्देशिकामा उल्लेख भएअनुसारका अनुसूची सम्झनु पर्छ ।

(छ) “इलाका कार्यालय” भन्नाले साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को इलाका एवं एकाई कार्यालयहरु सम्झनु पर्छ । सो शब्दले “वित्तीय संस्थाका कार्यालय” भन्ने समेत सम्झनु पर्छ ।

(ज) “केन्द्रीय कार्यालय” भन्नाले साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को केन्द्रीय कार्यालय सम्झनु पर्छ ।

(झ) “संस्था” भन्नाले साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले साना किसान कृषि सहकारी संस्था भनी मान्यता दिएको सहकारी संस्था र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.मा थोक कर्जा कारोबार गर्न आबद्ध भएको लघुवित्त संस्था/सहकारी संस्था सम्झनु पर्छ ।

(ञ) “साना किसान परिवार” भन्नाले संस्थाका सदस्यको एकाघर परिवारको सदस्य सम्झनु पर्छ ।

(ट) “दूतावास” भन्नाले नेपालका लागि इजरायली राजदूतावास सम्झनु पर्छ ।

(ठ) “तालिम केन्द्र” भन्नाले यस कार्यक्रम अन्तरगत साना किसान परिवारका विद्यार्थीहरुलाई कृषि तालिमका लागि अवसर प्रदान गर्ने इजरायल स्थित विभिन्न कृषि तालिम केन्द्र वा कलेजहरु सम्झनु पर्छ ।

(ड) “प्रशिक्षार्थी” भन्नाले यस निर्देशिका बमोजिम साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रममा छनौट/सहभागी भएको व्यक्ति सम्झनु पर्छ ।

(ढ) “इजरायली प्रतिनिधि” भन्नाले सम्बन्धित तालिम केन्द्रका प्रतिनिधिहरु वा दूतावासका तर्फबाट यस कार्यक्रमका लागि खटिईआएका व्यक्ति/प्रतिनिधि सम्झनु पर्छ ।

(ण) “कार्यक्रम” भन्नाले साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम सम्झनु पर्छ ।

(त) “कार्यक्रम सञ्चालन हुने जिल्ला” भन्नाले दूतावासको जानकारीमा वित्तीय संस्थाले कार्यक्रम सञ्चालन गर्न छनौट गरेका जिल्लाहरु सम्झनु पर्छ ।

(थ) “आवेदक” भन्नाले यस निर्देशिका बमोजिम साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रममा सहभागी हुन आवेदन गर्ने व्यक्ति सम्झनु पर्छ ।

(द) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस निर्देशिकामा तोकिएकोमा यसै अनुसार र नतोकिएकोमा वित्तीय संस्थाले तोकेअनुसार सम्झनु पर्छ ।

**३. कार्यक्रम सम्बन्धी जानकारी**

(१) यस कार्यक्रम अन्तर्गत तोकिएको योग्यता पुगेका साना किसान परिवारका सदस्यहरुले इजरायलमा १० देखि ११ महिना अवधिका लागि कृषि प्रशिक्षार्थीका रुपमा भाग लिन सक्नेछन् ।

(२) प्रशिक्षार्थीले इजरायलमा तालिम केन्द्रको नियमानुसार हप्ताको १ दिन कक्षागत सैद्धान्तिक तालिममा भाग लिनु पर्ने, १ दिन बिदा हुने र बाँकी ५ दिन इजरायलको ग्रामीण कृषि फारममा कार्य गर्न सक्नेछन् ।

(३) कृषि फारममा कार्य गरेवापत प्रशिक्षार्थीले इजरायली नियमानुसार पारिश्रमिक पाउनेछन् ।

(४) सहभागी प्रशिक्षार्थीले हवाई टिकट, अध्ययन शुल्क, आवास, शैक्षिक सामाग्री, पोशाक, खाना तथा अन्य आवश्यक सम्पूर्ण खर्चहरु स्वयम् बेहोर्नु पर्नेछ ।

(५) वित्तीय संस्थाले आवश्यक भएमा प्रशिक्षार्थी छनौट प्रकृया, अभिमुखीकरण गोष्ठी, यात्रासँग सम्बन्धित कागजात तयारी (पत्र आदि) जस्ता कार्यमा सहजीकरण गर्नेछ ।

(६) सम्बन्धित तालिम केन्द्रले ब्रोसर वा अनलाईन अभिमुखिकरण कार्यक्रम राखी तालिम केन्द्रका शर्त, सुविधा, आचारसंहिता, पाठ्यक्रम तथा अन्य सम्पूर्ण विषयहरुमा जानकारी गराउनेछन् । आवेदकहरुले तालिम केन्द्रका शर्त, सुविधा, आचारसंहिता, पाठ्यक्रम तथा अन्य सम्पूर्ण विषयहरुमा सम्बन्धित तालिम केन्द्रहरुमा सम्पर्क गरी आफूले जान्नु पर्ने कुराहरु एवं आफ्ना सम्पूर्ण जिज्ञासाहरु राख्नु पर्नेछ । तालिममा सहभागी हुनु पूर्व वा तालिममा सहभागी भए पछि पनि यी विषयहरुमा वित्तीय संस्थालाई जिम्मेवार बनाउन पाईने छैन ।[२]

(७) प्रशिक्षार्थीले तोकिएको १० देखि ११ महिनाको अवधि पुरा गरेपश्चात अनिवार्य रुपमा नेपाल फर्किनु पर्नेछ ।

(८) नेपाल फर्किएका प्रशिक्षार्थीलाई कृषि सम्बन्धी सिकेको सिपको व्यावसायीकरणका लागि सम्बन्धित संस्थाहरुले नियमानुसारको वित्तीय सेवा प्रदान गर्न सक्नेछन् ।

(९) यस कार्यक्रममा सहभागी कुनै पनि प्रशिक्षार्थीका कुनै पनि समयमा कुनै पनि किसिमका खर्चहरु वित्तीय संस्थाले बेहोर्ने छैन । वित्तीय संस्थाले छनौट भएका प्रशिक्षार्थीहरुलाई यस निर्देशिकामा उल्लेख भएका कुराहरुमा मात्र सहजीकरण गर्नेछ ।

## ४. जनशक्ति सम्बन्धी व्यवस्था

(१) कुनै अर्को व्यवस्था नभए सम्म वित्तीय संस्थाले यस कार्यक्रमका लागि आवश्यक जनशक्ति खर्च वित्तीय संस्थाको नियमित स्रोतबाट व्यहोर्ने छ ।

(२) वित्तीय संस्थाले यस कार्यक्रमका लागि एक जना कर्मचारीलाई फोकल पर्सन (Focal person) को रुपमा तोक्न सक्नेछ ।

(३) फोकल पर्सनको मातहतमा रही यस निर्देशिका बमोजिमका कार्यहरु गर्न कार्यक्रम सञ्चालनमा रहने अवधिसम्मका लागि वित्तीय संस्थाले आवश्यक पर्ने जनशक्तिहरु आउट सोर्सिङ्ग (Out sourcing) वा सोझै बार्ताबाट सेवा करारमा लिने सम्झौता गरी भर्ना गर्न सक्नेछ ।

(४) यस प्रयोजनका लागि आवश्यक जनशक्ति व्यवस्था गर्न वित्तीय संस्थाको केन्द्रीय कार्यालयको सूचना पाटीमा सूचना प्रकाशन गरी सम्बन्धित योग्यता पुगेका व्यक्तिहरुसँग वैयक्तिक विवरण माग गर्न सकिनेछ ।

(५) उपलब्ध वैयक्तिक विवरणको आधारमा उपयुक्त व्यक्ति/संस्थासँग बार्ता गरी सेवा करारमा लिने व्यवस्था वित्तीय संस्था व्यवस्थापनले मिलाउनेछ ।

(६) आउट सोर्सिङ्ग वा सोझै बार्ताबाट सेवा करारमा लिने सम्झौता गरी भर्ना गरिने कर्मचारीहरुमा कम्तीमा एक जना कार्यक्रम अधिकृत र एक जना सहयोगी कर्मचारी हुनेछन् ।

(७) कर्मचारीको योग्यता र उमेरको हद वित्तीय संस्थाले तोके अनुसार हुनेछ । साथै, सेवाका शर्त र सुविधा सम्झौतामा उल्लेख भए अनुसार हुनेछ ।

## ५. तालिम केन्द्र र सम्झौता सम्बन्धी व्यवस्था

(१) साना किसान परिवारका युवाहरुलाई कृषि तालिमको लागि इजरायल पठाउन वित्तीय संस्थाले दूतावासको सहयोगमा इजरायलका विभिन्न कृषि तालिम केन्द्रहरुसँग यो कार्यक्रम सञ्चालनका लागि समन्वय गर्नेछ । यसका लागि वित्तीय संस्थाले दूतावास तथा उक्त तालिम केन्द्रसँग लेखापढी, पत्राचार, तथा अन्य आवश्यक कार्यहरु गर्न सक्नेछ ।

(२) सम्बन्धित तालिम केन्द्रसँग वित्तीय संस्थाको तर्फबाट सम्झौता तथा आवश्यक पर्ने अन्य कार्यहरु गर्ने अधिकार प्रमुख कार्यकारी अधिकृतमा निहित रहनेछ ।

---

[२] चौथो संशोधन, २०७७

(३) यो कार्यक्रम सञ्चालनका लागि आवश्यक परेमा वित्तीय संस्थाले नेपाल सरकारका विभिन्न निकायहरु तथा अन्य सहयोगी निकायहरुको सहयोग लिन सक्नेछ ।

(४) ....।[३]

६. **कार्यक्रम लागु हुने जिल्ला** :-आवश्यक परेमा दूतावास एवम् इजरायली प्रतिनिधिहरुसँग समेत छलफल गरी वित्तीय संस्थाले उपयुक्त जिल्लाहरुमा यो कार्यक्रम सञ्चालन गर्नेछ ।[४]

७. **प्रशिक्षार्थी सिफारिस गर्न संस्थाहरुको न्यूनतम योग्यता** : - तोकिएको जिल्लामा कार्यरत देहाय अनुसारको योग्यता पुगेका संस्थाको सञ्चालक समितिले यस कार्यक्रममा सहभागिताका लागि आवेदकको नाम सिफारिस गरी पठाउन सक्नेछन् -

(१) साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.सँग आबद्ध भएका तोकिएका जिल्लाहरुमा अवस्थित साना किसान सहकारी संस्थाहरुले मात्र यस कार्यक्रममा प्रशिक्षार्थी सिफारिस गर्न पाउनेछन् ।

(२) उपदफा (१) अनुसारका संस्थाहरू कार्यक्रम सञ्चालन हुने आर्थिक वर्षको फागुन मसान्त भित्रमा वित्तीय संस्थाको थोक कर्जा कार्यक्रममा आबद्ध भएको हुनुपर्नेछ ।[५]

(३) उपदफा (२) अनुसारको समय सीमा भित्र उक्त संस्थामा कम्तीमा ३७५ सदस्य कायम रहेको हुनुपर्नेछ । (यो संख्या अनुसरण कार्यक्रम हस्तान्तरण गर्न आवश्यक न्यूनतम संख्या हो ।)

(४) वित्तीय संस्थाको स्तरीकरण मापदण्ड अनुसार गएको आर्थिक वर्ष (आ.व.) को असार मसान्तमा “क” वर्गमा रहेको संस्था हुनु पर्नेछ । तर, नयाँ संस्थाको हकमा यो व्यवस्था लागु हुने छैन ।

(५) कारोबारको सिलसिलामा यस वित्तीय संस्थाले कुनै कारबाही गरेको भएमा सो फुकुवा भई सकेको हुनुपर्नेछ ।

(६) सम्बन्धित संस्थाको कुनै पनि सञ्चालक समितिले संस्थाको विनियम र नीति नियम उलङ्घन गरेको हुनुहुँदैन ।

(७) वित्तीय संस्थाले समय समयमा दिएका र दिने निर्देशनहरु पालन गर्न पूर्ण मञ्जुर गरेको हुनुपर्नेछ ।

(८) सम्बन्धित संस्थाबाट इजरायलमा तालिम लिई नेपालमा फर्किएका प्रशिक्षार्थीहरूमध्ये कम्तीमा पनि ५०% प्रशिक्षार्थीहरूले कृषि पेशा अपनाई निरन्तरता दिएको कुरा सम्बन्धित संस्थाले प्रमाणित गरी अनुसूची-६ अनुसारको आवेदन पेश गरेको हुनुपर्नेछ । [६]

(९) यस कार्यक्रममा सहभागी हुन इजरायलमा रहेका कुनै पनि प्रशिक्षार्थी यस वित्तीय संस्थाको बिनाअनुमति इजरायलमा भागी लुकी बसेमा वा यो कार्यक्रम छाडेर अन्यत्र गएमा वा सम्पर्कविहीन भएमा निज प्रशिक्षार्थीलाई इजरायल पठाउन सिफारिस गर्ने संस्था उक्त प्रशिक्षार्थीलाई यस वित्तीय संस्थामा उपस्थित नगराएसम्म यस कार्यक्रममा सहभागी पठाउन योग्य हुने छैन । [७]

(१०) यस निर्देशिकाको तेस्रो संशोधन अघि इजरायलमा कृषि प्रशिक्षार्थी कार्यक्रममा भाग लिन गई तोकिए अनुसार नेपाल नफर्की भागी/लुकी/सम्पर्कविहीन भएको प्रशिक्षार्थीलाई

---

[३] चौथो संशोधन, २०७७ बाट हटाईएको

[४] तेस्रो संशोधन, २०७६

[५] दोस्रो संशोधन, २०७५

[६] तेस्रो संशोधन, २०७६

[७] चौथो संशोधन, २०७७

सिफारिस गर्ने संस्थाहरु समेत निज भागेको मिति देखि नै माथि बुँदा (९) अनुसार अयोग्य ठहर हुनेछन् ।[८]

**८. प्रशिक्षार्थी आवेदकको न्यूनतम योग्यता : -**

(१) वित्तीय संस्थाले दिएको सुझाव तथा यस निर्देशिकाको अधिनमा रही यस कार्यक्रमका लागि प्रशिक्षार्थी आवेदक छनौट गरी सिफारिस गर्ने जिम्मेवारी सम्बन्धित संस्थाहरुको हुनेछ ।

(२) संस्थाले देहाय अनुसारका सम्पूर्ण योग्यता पुगेको व्यक्ति मात्र प्रशिक्षार्थी आवेदकको रुपमा सिफारिस गर्न सक्नेछन्:-

(क) सम्बन्धित संस्थाको शेयर सदस्य हुनुपर्ने वा शेयर सदस्यको एकाघर परिवारको सदस्य (पति / पत्नी / छोरा / छोरी / बुहारी / नाति /नातिनी वा संस्थाले एकाघर परिवारको हो भनी निर्णय गरेको व्यक्ति) हुनुपर्नेछ ।
तर, शेयर सदस्य भएको १ वर्ष पुरा नभएको सदस्य वा निजको एकाघर परिवारको सदस्य यस कार्यक्रमको लागि अयोग्य हुनेछन् ।

(ख) सम्बन्धित संस्थाको कार्यक्षेत्रमा घटिमा विगत २ वर्षदेखि बसोबास गरेको र कृषि पेशा अवलम्बन गरेको परिवारको सदस्य हुनुपर्नेछ ।

(ग) उमेरको हकमा सम्बन्धित तालिम केन्द्रले तोके अनुसार हुनेछ । यस सम्बन्धमा वित्तीय संस्थाले सम्बन्धित तालिम केन्द्रहरुसँग समन्वय गरी जानकारी गराउनेछ ।

(घ) .......।[९]

(ङ) पारिवारिक कृषि पेशामा संलग्न भई कृषि कार्य गर्दै गरेको हुनुपर्नेछ ।

(च) प्रशिक्षण अवधि पुरा भए पछि अनिवार्य रुपमा स्वदेश फर्कने कुराको लिखित ग्यारेण्टी गरेको हुनुपर्नेछ ।

(छ) यस कार्यविधि र यससँग सम्बन्धित सहयोगी निकायका शर्तहरु पूर्ण रुपले पालना गर्न मञ्जुर गरेको हुनु पर्नेछ । साथै, रितपूर्वक अनुसूची - ३ (ग) अनुसारको कबुलियतनामा लेखीलेखाई वित्तीय संस्थामा बुझाएको हुनु पर्नेछ ।[१०]

**९. सम्बन्धित संस्थाको सञ्चालक समितिको जिम्मेवारी, ध्यान दिनु पर्ने कुराहरु तथा दण्ड सजाय, पुरस्कार र सहयोग[११] :-** सम्बन्धित संस्थाको सञ्चालक समितिले प्रशिक्षार्थी आवेदक छनौट गर्दा देहायका कुराहरुलाई ध्यान दिनु पर्ने छ :-

(१) यस निर्देशिकामा तोकिएका सम्पूर्ण योग्यता पुगेको व्यक्तिलाई मात्र सिफारिस गर्नुपर्छ ।[१२]

(२) प्रशिक्षार्थी र निजको परिवार/अभिभावकबाट प्रशिक्षण अवधि पुरा भएपछि नेपाल फर्कने कुराको पूर्ण ग्यारेन्टी लिएको हुनुपर्छ । (स्पष्टीकरण: ग्यारेण्टी भन्नाले स्वीकार योग्य शुरक्षण प्रस्तुत गरेको अवस्थालाई मानिनेछ ।)[१३]

(३) प्रशिक्षार्थीले संस्थाका नियम र शर्त मान्ने कुरामा जवाफदेही भई निजले सो नियम तथा शर्तहरु पालना नगरेमा संस्थाको निर्णय बमोजिमको जरिवाना वा सजाय भोग्न तयार छु भनी एकाघर परिवारबाट अनुसूची-३ (क) वा ३ (ख) बमोजिमको मञ्जुरीनामा गरिदिन सक्ने विश्वासिलो अभिभावक खडा भएमामात्र प्रशिक्षार्थी आवेदकको रुपमा सिफारिस गर्नुपर्छ ।

---

[८] चौथो संशोधन, २०७७

[९] चौथो संशोधन, २०७७ बाट हटाईएको ।

[१०] तेस्रो संशोधन, २०७६

[११] तेस्रो संशोधन, २०७६

[१२] तेस्रो संशोधन, २०७६

[१३] तेस्रो संशोधन, २०७६

(४) प्रशिक्षण कार्यक्रम अवधि समाप्त भए पछि स्वदेश फर्कने प्रतिवद्धता सहितको अनुसूची-३(ग) बमोजिमको कबुलियतनामा निज प्रशिक्षार्थीले र अनुसूची-३ (क) वा ३ (ख) बमोजिमको मञ्जुरीनामा निजको अभिभावकले गरिदिने व्यवस्था सम्वन्धित संस्थाले मिलाउनु पर्नेछ ।

(५) छनौटका लागि अभिमुखीकरण र अन्तर्वार्ता कार्यक्रम अंग्रेजी भाषामा हुनेछ ।

(६) कृषि क्षेत्रमा कहिल्यै कामै नगरेको व्यक्तिलाई सम्बन्धित संस्थाले छनौट/सिफारिस गर्नु हुँदैन । त्यसता व्यक्ति भएमा फिल्डमा गएर काम गर्न कठिन भई यो कार्यक्रममा नै समस्या पर्न जाने र यसबाट संस्थाले भावी दिनमा यस्ता कार्यक्रमहरुमा सहभागी हुने अवसरबाट बञ्चित हुन सक्ने कुरा तर्फ संस्थाले ध्यान दिएर मात्र छनौट/सिफारिस गर्नु पर्नेछ ।

(७) संस्थाले सिफारिस गरेका प्रशिक्षार्थी आवेदकहरु मध्येबाट आवश्यक संख्या भन्दा बढीलाई अनलाईन अन्तर्वार्ता छनौट गरी यसरी छानिएकालाई सम्बन्धित तालिम केन्द्रका प्रतिनिधिहरुले अन्तर्वार्ता लिने छन् । अन्तर्वार्तामा सफल हुनेहरुले मात्र यस कार्यक्रमका लागि छनौट हुने अवसर पाउने भएकोले संस्थाले गर्ने सिफारिसलाई अन्तिम छनौट मानिने छैन र सबै प्रशिक्षार्थी आवेदकहरुलाई यो कुरा प्रष्ट बुझाउनु पर्ने जिम्मेवारी संस्थाका सञ्चालक समितिको हुनेछ ।

[१४](८) यस कार्यक्रममा सहभागी पठाउन चाहने संस्थाहरुले “साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रममा सहभागिता” का लागि यस वित्तीय संस्थाले तोकेको समय भित्र अनुसूची - ६ अनुसारको आवेदन दिई सक्नु पर्नेछ ।

[१५](९) कारबाही, दण्ड तथा जरिबाना : यस कार्यक्रममा सहभागी हुन इजरायलमा रहेका कुनै पनि प्रशिक्षार्थी यस वित्तीय संस्थाको अनुमति बिना इजरायलमा भागी लुकी बसेमा वा यो कार्यक्रम छाडेर अन्यत्र गएमा वा सम्पर्कविहीन भएमा देहाय अनुसारका पक्षहरुलाई देहाय अनुसारको कारबाही, दण्ड तथा जरिबाना हुनेछ :-

(अ) <u>सम्बन्धित प्रशिक्षार्थीलाई हुने दण्ड तथा जरिबाना :-</u>

(क) निजले वा निजलाई धितो मञ्जुरीनामा दिने व्यक्तिले साना किसान कृषि सहकारी संस्थामा राखेको धितो उक्त संस्थाले लिलाम बिक्री गरी वा नगरी वा निजहरुको हकभोग लाग्ने अन्य कुनै पनि चलअचल जायजेथाबाट अनुसूची ३(क) वा ३(ख) वा ३(ग) मा कबुल गरेअनुसारको रकम असुल गरी वित्तीय संस्थामा बुझाउनु पर्नेछ ।

(ख) निज प्रशिक्षार्थीले वित्तीय संस्थाको बैंक खातामा जम्मा गरिदिएको नगद रकम तथा सोमा पोकेको ब्याज समेत वित्तीय संस्थाले जफत गर्नेछ ।

(आ) <u>निज प्रशिक्षार्थीलाई सिफारिस गरी पठाउने संस्थालाई हुने कारबाही :-</u>

(क) उक्त संस्थाले प्रशिक्षार्थी भागेको जानकारी पाएको तीन महिना भित्र निजलाई खोजी नेपाल फर्काउने व्यवस्था गर्नु पर्नेछ । उक्त समय भित्र प्रशिक्षार्थीलाई नेपाल फर्काई वित्तीय संस्थामा उपस्थित गराउन नसकेमा उक्त तीन महिना पुरा भएको दुई महिना भित्र सम्बन्धित संस्थाले माथि बुँदा ९ को खण्ड (अ) को उपखण्ड (क) अनुसारको रकम वित्तीय संस्थामा बुझाउनु पर्नेछ । र, सो रकम वित्तीय संस्थाले यस निर्देशिकाको दफा ९ को उपदफा (१०) को खण्ड (अ) बमोजिमको कोशमा जम्मा गर्नेछ ।

---

[१४] तेस्रो संशोधन, २०७६

[१५] तेस्रो संशोधन, २०७६

(ख) निज प्रशिक्षार्थीलाई इजरायल पठाउन सिफारिस गर्ने संस्था दफा ७ को उपदफा (९) बमोजिमको अवधिभर यस कार्यक्रममा सहभागी पठाउन योग्य हुने छैन ।[१६]

(इ) ......... ।[१७]

[१८](१०) पुरस्कार :- (अ) वित्तीय संस्थाले देहायका स्रोतहरुबाट रकम प्राप्त गरी "कृषि प्रशिक्षार्थी कोश" निर्माण गर्नेछ :

(क) यस निर्देशिकाको दफा ९ को उपदफा (९) को खण्ड (आ) को उपखण्ड (क) र सोही दफाको खण्ड (अ) को उपखण्ड (ख) अनुसारको रकम ।

(ख) यो कोशको परिचालन भई ब्याज तथा अन्य कुनै आम्दानी भएमा सो रकम ।

(ग) साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम सञ्चालनका क्रममा कुनै क्रियाकलाप गर्दा बचेको रकम ।

(घ) यसै कोशमा प्रयोग हुने गरी सञ्चालक समितिले तोकिदिएको रकम ।

(ङ) यसै कोशमा प्रयोग हुने गरी अन्य कुनै पनि संघसंस्था तथा निकायबाट प्राप्त रकम ।

(आ) कृषि प्रशिक्षार्थी कोशबाट देहाय अनुसारको अवस्थामा खर्च गर्न सकिनेछ :-

(क) कृषि प्रशिक्षार्थी कार्यक्रममा सहभागी भई आएका मध्ये कृषिको व्यावसायीकरण वा आधुनिक कृषि प्रणालीको विस्तार वा नमुना किसान वा अगुवा किसान वा सफल युवा किसान भई कृषि क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गर्ने प्रशिक्षार्थीहरुलाई पुरस्कृत गर्न ।

(ख) आवश्यक भएमा कृषि प्रशिक्षार्थी कार्यक्रम सञ्चालनका सिलसिलामा लाग्ने भैपरी तथा सञ्चालन खर्च धान्न ।

(ग) मुनासिब कारण परी यस निर्देशिकाको दफा ९ को उपदफा (९) को खण्ड (आ) को उपखण्ड (क) र सोही दफाको खण्ड (अ) को उपखण्ड (ख) अनुसारको रकम फिर्ता गर्नु पर्ने अवस्था सिर्जना भएमा सञ्चालक समितिको निर्णयानुसार सो रकम फिर्ता गर्न ।

तर, कोशमा मौज्दात बाँकी नरहेको अवस्थामा वा कोशमा रहेको बाँकी मौज्दात भन्दा बढी हुने गरी वा निजबाट असुलउपर गरिएभन्दा बढी हुने गरी यस्तो रकम फिर्ता हुनेछैन । साथै, माथि बुँदा ९ को खण्ड (आ) को उपखण्ड (क) अनुसारको रकम सम्बन्धित प्रशिक्षार्थीबाट असुल नगरी सम्बन्धित संस्थाले आफ्नै कोशबाट यस वित्तीय संस्थालाई भुक्तान गरेको भएमा सो रकम समेत फिर्ता हुनेछैन ।

(घ) आवश्यक भएमा कृषि प्रशिक्षार्थी कार्यक्रममा सहभागी हुने प्रशिक्षार्थीको अभिमुखीकरण तालिम/गोष्ठी सञ्चालन गर्न वा तालिम प्रदान गर्न वा कार्यक्रम पुरा गरी नेपाल फर्किएका प्रशिक्षार्थीहरुलाई थप तालिम प्रदान गर्न ।

---

[१६] चौथो संशोधन, २०७७

[१७] चौथो संशोधन, २०७७ बाट हटाईएको

[१८] तेस्रो संशोधन, २०७६

(ङ) युवा साना किसानहरुको क्षमता विकासका लागि घुम्तिकोश वा बीउपुँजी वा पुँजीगत अनुदान आदि व्यवस्था गर्न ।

(च) सञ्चालक समितिले आवश्यक ठानेका अन्य कार्यहरु गर्न ।

[१९](११) प्रशिक्षार्थी सिफारिस गरिपठाउने संस्थाका अध्यक्ष -१, उक्त संस्थाका प्रबन्धक-१ र उक्त संस्था रहेको जिल्लाको कृषि सहकारी संघको अध्यक्ष (उक्त जिल्लामा कृषि सहकारी संघ गठन नभएको वा सकृय नभएको अवस्थामा उक्त क्षेत्रको प्रतिनिधित्व गर्ने नेपाल कृषि सहकारी केन्द्रीय संघको पदाधिकारी) -१ ले देहायको बेहोरा खोलेको कबुलियतनामा/सम्झौतापत्र/प्रतिज्ञापत्रमा सहीछाप गरि संस्था/वित्तीय संस्थामा बुझाएको हुनु पर्ने :-

१. निज प्रशिक्षार्थीले ईजरायलमा प्रशिक्षण पुरा गरी फर्किए पछि कृषि व्यवसायमा लगाउने पूर्ण जिम्मेवारी आफुले लिएको,
२. निज प्रशिक्षार्थी ईजरायलमा रहेसम्म निरन्तर सम्पर्कमा रहन मञ्जुर भएको,
३. ईजरायलमा प्रशिक्षण पुरा गरेपछि निज प्रशिक्षार्थीलाई नेपाल फकाई वित्तीय संस्थामा हाँजिर गराउने पूर्ण जिम्मा लिएको,
४. यदि निज प्रशिक्षार्थी इजरायलमा भागी/लुकी/सम्पर्क बिहीन भई बसेमा ३ महिनाभित्र निजलाई नेपाल ल्याई वित्तीय संस्थामा हाजिर गराउने पूर्ण जिम्मेवारी आफुले लिएको, यदि ल्याउन नसकेमा यसबाट सहकारी संस्था र वित्तीय संस्थाको साखमा परेको असर तथा सम्पूर्ण वित्तीय असर बराबरको रकमलाई मेरो नाममा ऋण जनाएर आफु वा एकाघर परिवारको नाममा रहेको वा आफुले भोगचलन अधिकार पाएको वा भविष्यमा समेत आफ्नो नाममा आउने चलअचल जायजेथा लिलाम वा बिक्री गरी सम्बन्धित सहकारी संस्था र वित्तीय संस्थाले असुल उपर गरिलिनु भनी कबुलियत गरिदिएको ।

## १०. प्रशिक्षार्थी छनौट प्रक्रिया

(१) वित्तीय संस्थाले इजरायलका तालिम केन्द्र/कलेजहरुबाट प्राप्त कोटाको दुई देखि चार गुणासम्मको संख्यामा अनलाईन अन्तर्वार्तामा भाग लिने आवेदक संख्या निर्धारण गर्नेछ ।[२०]

(२) वित्तीय संस्थासँग आवद्ध भएका संस्थाहरुले यस कार्यक्रममा सहभागी हुन चाहेमा अनुसूची-६ अनुसारको “साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रममा सहभागिता” का लागि अनुरोध गरी वित्तीय संस्थाको सम्बन्धित इलाका कार्यालयमा आवेदन दिनु पर्नेछ । सम्बन्धित इलाका कार्यालयले उक्त आवेदनहरुको अध्ययन गरी अनुसूची-७ अनुसारले योग्य संस्था छनौट गरी वित्तीय संस्थाका केन्द्रीय कार्यालयमा पत्र पठाउनु पर्नेछ । वित्तीय संस्थाले यस कार्यक्रमका लागि छनौट भएका जिल्लाका योग्यता पुगेका साना किसान सहकारी संस्था लि.हरुको अघिल्लो खाताबन्दी अवधिमा कायम रहेको कुल सदस्य संख्याको आधारमा दामासाहीले आवेदक कोटा उपलब्ध गराउने छ । तर, वित्तीय संस्था व्यवस्थापनले योग्य संस्थाहरुलाई न्यूनतम एक कोटा निर्धारण गर्न र अधिकतम कोटा संख्याको सीमा कायम गर्न सक्नेछ ।[२१]

(३) यसै निर्देशिका अनुसार योग्यता पुगेका सम्बन्धित संस्थाहरुले अनुसूची-१ अनुसारको सूचना प्रकाशन गरी योग्यता पुगेका ईच्छुक युवायुवतीहरुबाट आवेदन माग गर्ने छ ।[२२]

---

[१९] चौथो संशोधन, २०७७ बाट हटाईएको

[२०] तेस्रो संशोधन, २०७६

[२१] तेस्रो संशोधन, २०७६

[२२] तेस्रो संशोधन, २०७६

(४) योग्यता पुगेका ईच्छुक युवायुवतीहरुले निर्धारित मितिभित्र सम्बन्धित संस्थामा अनुसूची-२ अनुसारको आवेदन पेश गर्नु पर्नेछ । आवेदनका साथ अभिभावक वा जमानत दिने व्यक्तिको अनुसूची-३ (क) वा ३ (ख) अनुसारको मञ्जुरीनामा समेत पेश गर्नु पर्नेछ ।

(५) अनलाईन अन्तर्वार्ताका लागि सिफारिस गर्न आवेदकहरु छनौट गर्ने प्राथमिकताः

(क) कृषि पेशामा प्रत्यक्ष संलग्न भएको,
(ख) कृषि पेशा बाहेक अन्य विकल्प कम भएको,
(ग) समूहमा रही संस्थाको नियम अनुसारको अनुशासन पालना गर्ने परिवारको सदस्य भएको,
(घ) तुलनात्मक रुपमा गरिब,
(ङ) प्रशिक्षण पुरा गरी नेपाल फर्किएपछि कृषि पेशामा आबद्ध हुनसक्ने सम्भावना भएको ।

(६) सम्बन्धित संस्थाको सञ्चालक समितिले प्राप्त आवेदन, आवेदकको प्रतिवद्धता, अभिभावकको मञ्जुरीनामा, आवेदकको बानीबेहोरा आदि उपर समेत विचार गरी पारदर्शी र निष्पक्ष विधिबाट तोकिएको संख्यामा आवेदकहरु अनलाईन अनतर्वार्तामा भाग लिन छनौट गर्नु पर्नेछ ।

(७) सम्बन्धित संस्थाको सञ्चालक समितिले अनुसूची-४ अनुसारको निर्णय संलग्न राखी अनलाईन अन्तर्वार्तामा भाग लिन छनौट भएका आवेदकहरुको नामावली वित्तीय संस्था समक्ष सिफारिस गरी पठाउनु पर्नेछ ।

(८) अनलाईन अन्तर्वार्ताका लागि सम्बन्धित संस्थाबाट सिफारिस भएका आवेदकहरुले सिफारिस भएको ४ दिन भित्र वित्तीय संस्थाले तोकेको अनलाईन आवेदन भर्नु पर्नेछ ।

[२३](९) वित्तीय संस्थाले अनलाईन अन्तर्वाताका लागि सिफारिस भई आएका आवेदकहरुको कागजातहरु जाँच गरी रित पुगेका र योग्यता पुगेका आवेदकहरुको प्रारम्भिक सूची तयार गर्नेछ । यस सिलसिलामा आवश्यक परेमा वित्तीय संस्था वा संस्थाले आवेदककहरुलाई विभिन्न विधिबाट अन्तर्वार्ता लिन वा निजहरुको घर परिवारमा समेत सम्पर्क गरी आवश्यक सूचना लिन सक्नेछ ।

[२४](१०) प्रारम्भिक सूचीमा परेका आवेदकहरुले इजरायली तालिम केन्द्रका तालिम केन्द्र र/वा वित्तीय संस्थाका प्रतिनिधिहरुले लिने निर्धारित विधिको परीक्षामा सामेल हुनु पर्नेछ । यस्तो परीक्षा अनलाईन पनि हुन सक्नेछ । (परीक्षा हुने मिति, स्थान र समयको बारेमा वित्तीय संस्थाबाट जानकारी गराईनेछ ।)

[२५](११) अनलाईन अन्तर्वार्ता वा कुनै अन्य प्रकृया पुरा गरी प्रशिक्षार्थीहरुको अन्तिम छनौट गर्ने अधिकार वा अन्तिम छनौट भैसकेका आवेदकहरुलाई प्रशिक्षार्थीको रुपमा इजरायल पठाउने वा नपठाउने भन्ने अन्तिम निर्णय लिने अधिकार यस वित्तीय संस्था, इजरायली राजदूतावास र इजरायली प्रतिनिधिहरुमा शुरक्षित रहनेछ ।

(१२) कुनै पनि आवेदक अन्तिम छनौट सूचीमा पर्ने वा नपर्ने कुरालाई लिएर सम्बन्धित संस्था वा आवेदक वा सोसँग सम्बन्धित कुनै पक्षले वित्तीय संस्था विरुद्ध कुनै किसिमको वादविवाद वा उजुरवाजुर गर्न पाउनेछैन ।

---

[२३] चौथो संशोधन, २०७७

[२४] चौथो संशोधन, २०७७

[२५] चौथो संशोधन, २०७७

(१३) विशेष कारण परी यो कार्यक्रम कुनै पनि समयमा स्थगन वा रद्द गर्नु पर्ने भएमा सो अधिकार वित्तीय संस्था र इजरायली राजदूतावासमा शुरक्षित रहने छ । कार्यक्रम रद्द भएको विषयलाई लिएर कुनै किसिमको वादविवाद वा उजुरवाजुर गर्न पाईनेछैन ।

[२६](१४) अन्तिम छनौट सूचीमा परी सफल भएका आवेदकहरूले इजरायली नियमानुसारको स्वास्थ्य परीक्षण गराउनु पर्नेछ ।

[२७](१५) स्वस्थ्य परीक्षणमा सफल हुने आवेदकहरुले सम्बन्धित संस्थाको सञ्चालक समिति समक्ष अनुसूची -५ अनुसारको सपथ ग्रहण गर्नु पर्नेछ ।

[२८](१६) प्रवेशाज्ञा (भिसा) प्राप्त गर्ने प्रकृया :

[२९](क) सपथग्रहण गरेका आवेदकहरुले अनुसूची-८ मा उल्लेख गरेका कागजातहरु रितपूर्वक तयार गरी/गर्न लगाई तोकिएका कार्यालयहरुमा पेश गर्नु पर्नेछ ।

(ख) अन्तिम छनौटमा परी स्वास्थ्य परीक्षणमा समेत सफल भई रितपूर्वकका सम्पूर्ण कागजात पेश गरेका आवेदकहरुको कागजात वा तिनको डिजिटल प्रति वित्तीय संस्थाले इजरायल स्थित सम्बन्धित तालिम केन्द्र/कलेजमा पठाउनेछ ।

(ग) इजरायल स्थित सम्बन्धित तालिम केन्द्र/कलेजले आवेदकहरुको प्रवेशाज्ञाका लागि कारबाही चलाउनेछन् ।

(घ) प्रवेशाज्ञा पाउने आवेदकहरुको विवरण वित्तीय संस्थाले नेपाल स्थित इजरायली राजदूतावासबाट प्राप्त गर्नेछ ।

(ङ) प्रवेशाज्ञा पाउने आवेदकहरुमात्र इजरायलको यस कार्यक्रममा समावेश हुन सक्नेछन् ।

(च) कुनै पनि आवेदकले यो चरणमा आईपुग्दा पनि प्रवेशाज्ञा नपाएमा सम्बन्धित संस्था र यो वित्तीय संस्था जिम्मेवार हुनेछैन ।

## ११. सूचना तथा सञ्चार माध्यम

(१) यस कार्यक्रमको बारेमा विस्तृत जानकारी गराउन संस्थाका प्रतिनिधिहरुलाई भेला गराई वित्तीय संस्थाले अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) संस्था र प्रशिक्षार्थी आवेदकहरुको भौगोलिक अवस्थिति, सञ्चार माध्यमको प्रभावकारिता तथा सूचनाको प्रभावकारितालाई ध्यानमा राखी वित्तीय संस्थाले यस कार्यक्रम सम्बन्धी आवश्यक सूचना र जानकारीहरु सामान्य स्मार्ट फोनको प्रयोगबाट प्राप्त गर्न सकिने गरी सामाजिक सञ्जाल (जस्तैः फेसबुक) को माध्यमबाट प्रशारण/प्रकाशन गर्न सक्नेछ । साथै यस्ता सूचना जानकारी एवं अनलाईन आवेदन प्रणाली विकास गरी ईन्टरनेट एवं सूचना प्रविधिको प्रयोग गर्न सकिनेछ ।

(३) यस कार्यक्रमका सम्बन्धमा नियमित जानकारी एवं सूचना प्रशारण/प्रकाशन गर्ने सामाजिक सञ्जालको विस्तृत जानकारी वित्तीय संस्थाले सम्बन्धित संस्थाका प्रतिनिधिहरुलाई गराउनेछ ।

(४) छनौट भएका प्रशिक्षार्थीहरुले यसै सामाजिक सञ्जालबाट नियमित सम्पर्कमा रहनु पर्नेछ । सम्पर्कमा नरही कार्यक्रममा सहभागी हुने अवसरबाट बञ्चित हुनु पर्‍यो भने वित्तीय संस्था जवाफदेही हुनेछैन ।

---

[२६] तेस्रो संशोधन, २०७६

[२७] तेस्रो संशोधन, २०७६

[२८] तेस्रो संशोधन, २०७६

[२९] चौथो संशोधन, २०७७

**१२. लागत तथा खर्च व्यवस्था**

(१) नेपालमा पुरा गर्नु पर्ने तोकिएको कृषि तालिम, विभिन्न चरणका परीक्षा, कागजात, पासपोर्ट तयारी, भिसा शुल्क, स्वास्थ्य परीक्षण, हवाई टिकट, विभिन्न परिवहन खर्च, बिमा तथा यससँग सम्बन्धित सम्पूर्ण खर्चहरु प्रशिक्षार्थी स्वयम्ले बेहोर्नु पर्नेछ । यस सम्बन्धमा कुनै अर्को पक्षलाई जिम्मेवार बनाउन पाईने छैन ।[३०]

(२) प्रशिक्षार्थी छनौट प्रक्रिया देखि प्रशिक्षण समापन भई निज फर्किएर नेपाल आएसम्म पुरै अवधिमा निजसँग वा निजको सम्बन्धलाई लिएर वित्तीय संस्थाले कुनै पनि किसिमको वित्तीय भार वहन गर्ने छैन ।

(३) प्रशिक्षार्थी अध्ययन गर्न गएको मुलुकमा लाग्ने कुनै पनि किसिमको खर्चको सम्बन्धमा निज स्वयम् जिम्मेवार हुनु पर्नेछ ।

(४) कुनै पनि कारणले प्रशिक्षण अवधीभित्र इजरायलबाट फर्किने विद्यार्थीहरूले वित्तीय संस्थामा उपस्थित भई सम्बन्धित संस्था समेतलाई जानकारी गराउनु पर्नेछ । यसरी फर्किने प्रशिक्षार्थीहरूले वित्तीय संस्था र संस्थासँग कुनै पनि किसिमको आर्थिक दावी अथवा क्षतिपूर्ति दावी गर्न पाउने छैन ।

(५) वित्तीय संस्थाले यो सेवा प्रदान गरे वापत कुनै पनि किसिमको सेवा शुल्क लिने छैन र सम्बन्धित संस्थाले समेत यस वापत जुनसुकै नामबाट भए पनि शुल्क लिन पाउने छैन ।

**१३. कार्यविधि निर्धारण गर्न सक्ने :-** कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रमुख कार्यकारी अधिकृतले यस निर्देशिकाको अधिमा रही आवश्यक कार्यविधि निर्धारण गरी लागु गर्न गराउन सक्नेछन् ।

**१४. व्याख्या गर्ने तथा बाधा अड्काउ फुकाउने अधिकार:-** यस निर्देशिकाको कार्यान्वयनमा द्विविधा भएमा सो को व्याख्या गर्ने अधिकार तथा कार्यान्वयनमा कठिनाई परेमा बाधा अड्काउ फुकाउने अधिकार प्रमुख कार्यकारी अधिकृतलाई हुनेछ ।

**१५. संशोधन :-** यो निर्देशिकाका दफा उपदफामा थपघट वा संशोधन गर्नु पर्ने भएमा सञ्चालक समितिबाट र अनुसूचीहरुमा संशोधन वा थपघट गर्नु पर्ने भएमा प्रमुख कार्यकारी अधिकृतबाट संशोधन वा थपघट गर्न सकिनेछ ।

**१६. खारेजी तथा बचाउ :-**

(१) यस निर्देशिका लागु हुनु पूर्व यस सम्बन्धमा भए गरेका कार्यविधि एवं परिपत्रहरु प्रस्तुत निर्देशिकासँग बाझिन गएमा बाझिएको हदसम्म स्वत: निष्कृय हुनेछन् ।

(२) यस निर्देशिका लागु हुनु पूर्व यस सम्बन्धमा भए गरेका निर्णय, कार्यविधि एवं परिपत्रहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ ।

**१. सञ्चालक समितिबाट स्वीकृत मिति २०७१/१२/१३**
**२. सञ्चालक समितिको बैठक नं. ३११ मिति २०७४/११/२५ बाट पहिलो संशोधन**
**३. सञ्चालक समितिको बैठक नं. ३३९ मिति २०७५/१२/०५ बाट दोस्रो संशोधन**
**४. सञ्चालक समितिको बैठक नं. ३६९ मिति २०७६/११/०७ बाट तेस्रो संशोधन**
**५. सञ्चालक समितिको बैठक नं. ३७३ मिति २०७७/१/२५ बाट चौथो संशोधन**

---

[३०] तेस्रो संशोधन, २०७६

**अनुसूची-१**

(संस्थाले आह्वान गर्ने सूचनाको नमुना)

## ......सहकारी संस्था लि.............

.......................................

प.सं.............                                                                 मिति :..............

च.नं.............

**विषय : साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रममा सहभागिताका लागि आवेदन भर्ने सूचना ।**

यस संस्थाले साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को समन्वयमा नेपालका लागि इजरायली राजदूतावासको सहयोगमा इजरायलका विभिन्न कृषि तालिम केन्द्रहरुले आयोजना गर्ने १० महिने कृषि तालिममा भाग लिन इच्छुक योग्यता पुगेका साना किसान सदस्य परिवारका युवायुवतीहरुले निम्न मितिभित्रमा यस संस्थामा आई तोकिएको ढाँचामा निवेदन पेश गर्नु हुन अनुरोध छ । आवेदनको नमुना संस्थामा उपलब्ध छ ।

**१. आवेदकको न्यूनतम योग्यता :**

(क) सम्बन्धित संस्थाको शेयर सदस्य हुनुपर्ने वा शेयर सदस्यको एकाघर परिवारको सदस्य (पति/पत्नी/छोरा/छोरी/बुहारी/नाति/नातिनी/संस्थाले एकाघर परिवारको हो भनी निर्णय गरेको व्यक्ति) हुनुपर्नेछ । तर, शेयर सदस्य भएको १ वर्ष पुरा नभएको सदस्य वा निजको एकाघर परिवारको सदस्य यस कार्यक्रमको लागि अयोग्य हुनेछन् ।

(ख) सम्बन्धित संस्थाको कार्यक्षेत्रमा घटिमा विगत २ वर्षदेखि बसोबास गरेको र कृषि पेशा अबलम्बन गरेको परिवारको सदस्य हुनुपर्नेछ ।

(ग) २०७.... चैत्र मसान्तसम्ममा ...... वर्ष पुरा भई .... वर्ष उमेर ननाघेको हुनु पर्नेछ । (सम्बन्धित तालिम केन्द्र/कलेजले निर्धारण गरे बमोजिम हुने ।)

(घ) कक्षा १२ उतिर्ण गरेको हुनुपर्नेछ ।

(ङ) पारिवारिक कृषि पेशामा संलग्न भई कृषि कार्य गर्दै गरेको हुनुपर्नेछ ।

(च) प्रशिक्षण अवधि पुरा भए पछि अनिवार्य रुपमा स्वदेश फर्कने कुराको ग्यारेण्टी गरेको हुनुपर्नेछ ।

(छ) वित्तीय संस्था निर्देशिका र यससँग सम्बन्धित सहयोगी निकायले तोकेका शर्तहरु पूर्ण रुपले पालना गर्न मञ्जुर गरेको हुनु पर्नेछ ।

**२. छनौटका लागि प्राथमिकता दिइने क्षेत्रहरु :**

(क) कृषि पेशामा प्रत्यक्ष संलग्न भएको,

(ख) कृषि पेशा बाहेक अन्य विकल्प कम भएको,

(ग) समूहमा रही संस्थाको नियम अनुसारको अनुशासन पालना गर्ने परिवारको सदस्य भएको,

(घ) तुलनात्मक रुपमा गरिब,

(ङ) प्रशिक्षण पुरा गरी नेपाल फर्किए पछि कृषि पेशामा आबद्ध. हुने प्रतिवद्धता गर्ने व्यक्ति ।

**३. तोकिएको ढाँचाको आवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु :**

(क) आफू वा आफ्ना परिवारका सदस्यका संस्थाको नाममा रहेको शेयर प्रमाणपत्रको प्रतिलिपि ।

(ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ग) आफूले हासिल गरेको पछिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।

(घ) छनौट भएका आवेदकहरुको अन्य आवश्यक कागजातहरु संस्था/वित्तीय संस्था/तालिम केन्द्रले पछि माग गर्न सक्ने छन् ।

**४. कार्यक्रम सम्बन्धी अन्य जानकारी :**

(क) यस कार्यक्रम अन्तरगत अन्तिम छनौटमा परेका युवायुवतीहरुले इजरायलका विभिन्न कृषि तालिम केन्द्र/कलेजहरुमा १० देखि ११ महिना अवधिका लागि कृषि प्रशिक्षार्थीका रुपमा भाग लिन सक्नेछन् ।

(ख) प्रशिक्षार्थीले उक्त तालिम केन्द्र/कलेजको नियमानुसार हप्ताको १ दिन कक्षागत सैद्धान्तिक तालिममा भाग लिनु पर्ने, १ दिन बिदा हुने र बाँकी ५ दिन इजारायलको ग्रामीण कृषि फारममा कार्य गर्न अवसर प्राप्त गर्नेछन् ।

(ग) कृषि फारममा कार्य गरेवापत प्रशिक्षार्थीले इजरायली नियम अनुसार पारिश्रमिक पाउनेछन् ।

(घ) सहभागी प्रशिक्षार्थीले हवाई टिकट, अध्ययन शुल्क, आवास, शैक्षिक सामाग्री, पोशाक, खाना, पासपोर्ट, स्वास्थ्य परीक्षण तथा अन्य आवश्यक सम्पूर्ण खर्चहरु स्वयम् व्यहोर्नु पर्नेछ ।

(ङ) साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले आवश्यक भएमा प्रशिक्षार्थी छनौट प्रकृया, अभिमुखिकरण गोष्ठी, यात्रासँग सम्बन्धित कागजात तयारी (पत्र आदि) जस्ता कार्यमा सहजीकरण गर्नेछ ।

(च) संस्थाबाट छनौट भएका आवेदकहरुलाई उपयुक्त विधि वा अनलाईन विधिबाट प्रारम्भिक छनौट गरिनेछ । प्रारम्भिक छनौटमा परेका आवेदकहरुको उक्त इजरायली तालिम केन्द्र/कलेजका प्रतिनिधिहरुले अनलाईन

अन्तर्वार्ता लिनेछन् । अन्तर्वार्तामा सफल भएका आवेदकहरु आवश्यक स्वास्थ्य परीक्षणमा सफल भएको अवस्थामा मात्र अन्तिम छनौट भएको मानिने छ ।

(छ) अन्तिम छनौटमा परेका आवेदकहरूले नेपालमा समेत साना किसान विकास लघुवित्त वित्तीय संस्थाले तोकेको निर्धारित पाठ्यक्रमको कृषि तालिम/अध्ययन पुरा गर्न निर्देशन गरेमा सोही अनुसार गर्नु पर्नेछ । यो तालिम आवेदकहरू इजरायल जानु पूर्व वा त्यहाँबाट फर्किए पछि वा दुवै चरणमा हुन वा नहुन सक्नेछ । यस किसिमको तालिममा लाग्ने सबै खर्च आवेदक स्वयम्ले बेहोर्नु पर्नेछ ।

(ज) अन्तिम छनौटमा परेका आवेदकहरुले तोकिएको १० देखि ११ महिनाको अवधि पुरा गरेपश्चात अनिवार्य रुपमा नेपाल फर्किनु पर्नेछ । यसरी नेपाल फर्किने/फर्काउने कुराको ग्यारेण्टीका लागि आवेदकले संस्थामा तोकेअनुसार कम्तिमा रु. १४ लाख बराबरीको धितो/जमानत राख्नु पर्नेछ । उल्लिखित अवधि भित्र नेपाल फर्की नआई इजरायलमा नै भागी/लुकी/सम्पर्कविहीन भई बसेमा निज प्रशिक्षार्थी तथा निजका अभिभावकले गरिदिएको मञ्जुरीनामा/कवुलियतनामा अनुसारको रकम अभिभावकहरुले संस्थामा जम्मा गर्नु पर्नेछ । तोकिएको समयमा तोकिएको रकम संस्थामा जम्मा नगरेमा संस्था स्वयंले रोक्का वा रजिष्ट्रेशन पारित गरिलिएको धितो सम्पत्ति लिलाम बिक्री गरी सोबाट असुल उपर गरी सो रकम साना किसान विकास लघुवित्त वित्तीय संस्थामा जम्मा गरिदिनेछ । साथै, नगद धरौटीवापत एक लाख रुपैयाँ साना किसान विकास लघुवित्त वित्तीय संस्थाले तोकेको बैंक खातामा जम्मा गर्नुपर्नेछ । उक्त नगद रू १ लाख र सोमा ६ प्रतिशत वार्षिक ब्याजदर सहितको एकमुष्ट रकम निजले माथि बुँदा (छ) अनुसारको तालिम पुरा गरी नेपाल फर्किएपछि वित्तीय संस्थाले साना किसान कृषि सहकारी संस्था लि. .......................... मार्फत भूक्तानी गरिदिनेछ । उल्लिखित अवधि भित्र आवेदक नेपाल फर्की नआई इजरायलमा नै भागी/लुकी/सम्पर्कविहीन भई बसेमा नगद धरौटी राखेको रु. १ लाख समेत साना किसान विकास लघुवित्त वित्तीय संस्थाले जफत गर्नेछ ।

(झ) तालिम केन्द्रका शर्त, सुविधा, आचारसंहिता, पाठ्यक्रम तथा अन्य सम्पूर्ण विषयहरुमा आवेदकले सम्बन्धित तालिम केन्द्र/कलेजका वेभसाइट/ईमेल/पत्राचार वा अन्य कुनै तरिकाले सम्पर्क राखी जानकारी प्राप्त गर्नु पर्नेछ । आवेदकहरुले तालिम केन्द्रका शर्त, सुविधा, आचारसंहिता, पाठ्यक्रम तथा अन्य सम्पूर्ण विषयहरुमा आफूले जान्नु पर्ने कुराहरु एवं आफ्ना सम्पूर्ण जिज्ञासाहरु तिनै इजरायली तालिम केन्द्र समक्ष राख्नु पर्नेछ । तालिममा सहभागी हुनु पूर्व वा तालिममा सहभागी भए पछि पनि यी विषयहरुमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. वा साना किसान कृषि सहकारी संस्था............लाई जिम्मेवार बनाउन पाईने छैन ।

(ञ) सम्बन्धित आवेदक नेपाल फर्किएका प्रशिक्षार्थीलाई कृषि सम्बन्धी सिकेको सिपको व्यावसायिकरणका लागि साना किसान कृषि सहकारी संस्था.......ले नियमानुसारको वित्तीय सेवा प्रदान गर्न सक्नेछ ।

(ट साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र यस संस्थाले छनौट भएका प्रशिक्षार्थीहरुलाई "साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम निर्देशिका, २०७१ (संशोधन समेत) मा उल्लेख भएका कुराहरुमा मात्र सहजीकरण गर्नेछ ।

(ठ) विशेष कारण परी यो कार्यक्रम कुनै पनि समयमा स्थगन वा रद्द गर्नु पर्ने भएमा सो अधिकार साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र इजरायली राजदूतावासमा शुरक्षित रहने छ ।

(ड) हालसम्म यस कार्यक्रम अन्तरगत विभिन्न जिल्लाका हजारौं जनाले प्रशिक्षण प्राप्त गर्ने अवसर पाएका छन् । इच्छुक आवेदकले ती प्रशिक्षार्थीहरुसँग समेत सम्पर्क गरी यस कार्यक्रमको बारेमा विस्तृत जानकारी लिन सक्नेछन् । सफलता पूर्वक तालिममा सहभागी भई फर्किने प्रशिक्षार्थीहरूको नाम तथा सम्पर्क इमेलहरू साना किसान विकास लघुवित्त वित्तीय संस्थाको वेभसाइटमा हेर्न सकिने छ ।

(ढ) यो कार्यक्रम साना किसान युवायुवतीहरु मार्फत कृषिमा व्यवसायीकरणका लागि गरिएको एक नमुना प्रयास हो । यस कार्यक्रममा भाग लिए वापत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र साना किसान कृषि सहकारी संस्था लि.............ले समेत कुनै पनि नाममा शुल्क वा दस्तुर लिने छैन । त्यसै गरी प्रशिक्षार्थी छनौट प्रक्रियादेखि प्रशिक्षण समापन भई निज फर्किएर नेपाल आएसम्म पुरै अवधिमा निजसँग वा निजको सन्दर्भलाई लिएर साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. वा साना किसान कृषि सहकारी संस्था लि. ........ले सम्बन्धित प्रशिक्षार्थीका कुनै पनि किसिमका लागत वा खर्च वा क्षतिपूर्ति व्यहोर्ने छैन ।

**भवदीय,**

| | |
|---|---|
| ........................................... | ..................................... |
| (नाम :...............................) | (नाम :...........................) |
| पद : प्रबन्धक | पद : अध्यक्ष |

नेपाली कागजमा

अनुसूची-२

# साना किसान प्रशिक्षार्थी कार्यक्रम

## व्यक्तिगत-आवेदन फाराम

मिति :....................

**श्री सञ्चालक समिति**
..........साना किसान कृषि सहकारी संस्था लि...... ..........
.......................................................................

**महोदय,**

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को सहजीकरणमा सञ्चालन हुने साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रममा म देहायको विवरण अनुसारको व्यक्ति सहभागी हुन इच्छुक रहेको हुँदा आवश्यक कागजात संलग्न राखी यो आवेदन पेश गरेकोछु । साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम निर्देशिका, २०७१ (संशोधन सहित) एवम् यस सम्बन्धी सम्पूर्ण नीति नियमहरु पालना गर्ने मञ्जुरी साथ प्रतिवद्धता व्यक्त गर्दछु ।

१. मेरो व्यक्तिगत विवरण देहायअनुसार छ । यसमा उल्लिखित सबै व्यहोरा साँचा छन् । झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

| क्रसं | विवरण | नेपालीमा | | अंग्रेजी क्यापिटल लेटरमा (अनिवार्य भर्नुपर्ने) | | | |
|---|---|---|---|---|---|---|---|
| १ | आवेदकको पुरा नाम थर | | | | | | |
| २ | अभिभावकको नाम थर (बाबु वा आमा) | | | | | | |
| ३ | बाजेको नाम थर | | | | | | |
| ४ | स्थायी ठेगाना | | | | | | |
| | नागरिकता अनुसारको ठेगाना | | | | | | |
| ६ | नागरिकता नं. | | | | | | |
| ७ | नागरिकता लिएको जिल्ला र मिति | जिल्ला | | District | | | |
| | | मिति | | Date (BS) | - | - | |
| ८ | जन्म मिति (नागरिकता अनुसार) | वि.सं. | | AD | Year | Month | Day | Please convert your DoB in AD |
| ९ | शैक्षिक योग्यता | | | इमेल ठेगाना : | | | |
| १० | यस .................................................पालिकामा कहिले देखिको स्थायी बसोबास हो ? वि.सं : ..... | | | | | | |
| ११ | कुन कुन किसिमको कृषि कार्यमा संलग्नता रहेको छ ?................ ............... .............. ........<br>................ ..................... .................. ............................ ....................... ...........<br>................ ..................... .................. ............................ ....................... .......... | | | | | | |

२. म यस कार्यक्रम अन्तर्गत प्रशिक्षणका लागि इजरायल जान पाएमा उक्त अवधि पुरा भए पछि अनिवार्य रुपमा स्वदेश फर्कने छु । नफर्किएमा रु. १४,००,०००/- (अक्षरेपि चौध लाख) रकम मेरो तल उल्लिखित घर जग्गा बेचबिखन गरी र नगद धरौटी राखेको रकम रु १,००,०००/- (अक्षरेपि एक लाख) मात्र समेत गरी जम्मा रु. १५,००,०००/- (अक्षरेपि पन्ध्र लाख) बराबरको रकम साना किसान कृषि सहकारी संस्था लि........... ले मेरो नाममा वा मलाई धितो मञ्जुरी दिने तपसिलको व्यक्तिको नाममा ऋण जनाई असुल गरि लिनु । ....... ......साना किसान कृषि सहकारी संस्था लि..............ले यसै लिखतलाई आधारमानी मेरो तल उल्लिखित घर जग्गा बेचंबिखन गरी वा लिलामी गरी रु. १४,००,०००/- (अक्षरेपि चौध लाख) र नगद धरौटी राखेको

रकम रु. १,००,०००/- (अक्षरेपि एक लाख) मात्र असुल उपर गरि लिएमा म यो विषय लिएर कतै उजुरबाजुर गर्ने छैन गरेमा यसै लिखतको आधारमा बदर गराई दिनु । मैले धितो स्वरुप लेखिदिएको घर जग्गाको विवरण देहाय अनुसार छ :-

| क्र. | घर/जग्गा धनीको विवरण | | | जग्गाको विवरण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सं. | नाम | बाबुको नाम | बाजेको नाम | जिल्ला | ..........पालिका | वडा नं | कित्ता नं | क्षेत्रफल |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

३. म यस कार्यक्रम अन्तरगत वैदेशिक रोजगारीका लागि नभएर कृषि प्रशिक्षणका लागि इजरायल जान पाएमा उक्त अवधिसम्म उक्त राष्ट्रको नियम कानुन र प्रशिक्षण दिने संस्थाको नीति नियमको पूर्ण रुपले पालना गर्नेछु । प्रशिक्षण अवधिमा पारिश्रमिक पाउने गरी कृषिसँग सम्बन्धित जस्तो सुकै कार्य गर्नु परे पनि मेरो पूर्ण सहमति छ । प्रशिक्षणका लागि लैजाने इजरायल स्थित तालिम केन्द्रले तोकेका शर्त र प्रदान गर्ने सुविधाका बारेमा मलाई राम्ररी जानकारी छ र यी कुराहरुमा मेरो पूर्ण मञ्जुरी छ ।

४. म यस कार्यक्रम अन्तरगत प्रशिक्षणका लागि इजरायल जान पाएमा प्रशिक्षण कार्यक्रमको निर्धारित अवधि पुरा भए पछि स्वदेश फर्कने छु र स्वयम् उपस्थित भई आफू फर्कि आएको सूचना संस्थामा दिने छु । आफूले इजरायलमा सिकेको सीप स्वदेशमा नै उपयोग गरी कृषि उद्यमी बन्ने कुरा समेत प्रतिवद्धता व्यक्त गर्दछु ।

